# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८३।०१।२२ गते।

## प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी कमल प्रसाद पौडेलसमेत रहेको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भेरीगंगा नगरपालिका, सुर्खेतका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत कमल प्रसाद पौडेलसमेतका प्रतिवादीहरु उपर भेरीगंगा नगरपालिकाले आ.व.२०७६/०७७ मा भेरीनदी गोछेखोलाको नदीजन्य पदार्थहरु उत्खनन् तथा संकलन र बिक्री वितरण कार्यको ठेक्का प्रक्रियामा कानून विपरित कार्य गरी गराई भ्रष्टाचार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.३६,७८,५४३/२४ (छतीस लाख अठहत्तर हजार पाँच सय त्रिचालीस रुपैयाँ चौबीस पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम हानीनोक्सानी भएको बिगो असूल उपर हुन साथै सोही ऐनको दफा ९ र दफा १९(२) बमोजिमको कसुरमा सोही ऐनको दफा ९ र दफा १९ को उपदफा (२) बमोजिम सजाय हुनसमेत मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।०७।२५ को फैसलाबाट सफाई दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मिति २०८३।०१।२२ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने